श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग दर्ता नं. १२७

# नेपाल सुरक्षा श्रमिक ट्रेड यूनियन

# Nepal Security Labour Trade Union

## केन्द्रीय कमिटी / Central Committee

केन्द्रीय कार्यालय का.म.न.पा. १० थापागाउँ, काठमाडौं ।
फोन नं. ९८४१८६२९१३

प.सं.च.नं.

सरकारको २०८२/२०८३ को नीति तथा कार्यक्रमा सबै क्षेत्रमा सामाजिक सुरक्षा अनिवार्य गर्ने भनिएको छ । सरकारकै अधिकांश कार्यालयमा काम गर्ने श्रमिकहरू सामाजिक सुरक्षा कोषबाट बञ्चित छन् । निजी क्षेत्रको अवस्था झन कहालीलाग्दो छ । सामाजिक सुरक्षा सर्वप्रथम सरकारले आफ्नो कर्मचारीलाई कार्यान्यवयन नगरेसम्म निजी क्षेत्रलाई अगाडी बढाउन सक्ने अवस्था छैन । अहिलेको महँगीमा १७,३००/- ले कसरी श्रमिकको जीवन निर्वाह हुन्छ ? मानवताको नाताले पनि श्रमिकको पारिश्रमिक पुनरावलोकन यथाशिघ्र हुनुपर्छ । श्रमको सम्मान, रोजगारीको प्रत्याभूति आफू बाँच्न र परिवार पाल्न पुग्ने पारिश्रमिक पाउने हो भनि नेपाली श्रमिकहरू विदेश भूमिमा पसिना बगाउन जाने थिएनन् । श्रमिकको पसिनाको बलमा रोजगारदाता दिनानुदिन धनि हुँदै जाने र श्रमिकहरूको घरमा चुलो पनि बल्न मुस्किल पर्ने दुःखद अवस्थाको अब अन्त्य हुनैपर्छ । सरकार सरकारी कर्मचारी तथा उद्योगी व्यवसायीको मात्र हैन श्रमिकहरूको पनि अविभावक बन्नुपर्छ ।

माननीय श्रममन्त्रीज्यूले एउटा कार्यक्रममा श्रमिकको पारिश्रमिक रू ३१,०००/- हुनुपर्छ भनि बोलेको कुरा सामाजिक संजालमा घुमिरहेको छ । सार्वजनिक ठाउँमा माननिय मन्त्रीज्यूले बोलेको कुरा कार्यान्वयन हुन्छ कि हुँदैन त्यो हेर्न बाँकी नै छ । तर सरकारको तल्लो स्तरको कर्मचारी सरह पाउने गरी न्यूनतम पारिश्रमिक वृद्धि हुनैपर्छ । यो आम श्रमिकको माग र आवाज पनि हो । श्रमिकको माग र आवाजलाई बेवास्ता गरी अगाडी बढेमा श्रमिकहरुको तर्फबाट सडक आन्दोलनका कार्यक्रम सार्वजनिक गरी आगाडी बढ्न बाध्य हुनेछौं । त्यसबाट उत्पन्न परिस्थितिको जवाफदेहि सरकार स्वयम् हुने जानकारी समेत यसै प्रेस विज्ञप्ती मार्फत गराउँदछौं ।

प्रेम बहादुर कार्की
अध्यक्ष

E-mail: outsorcedlaborvoice@gmail.com ,फेसबुक पेज:आउटसोर्स श्रमिक आवज

श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग दर्ता नं. १२७

# नेपाल सुरक्षा श्रमिक ट्रेड यूनियन

## Nepal Security Labour Trade Union

केन्द्रीय कमिटी / Central Committee

केन्द्रीय कार्यालय का.म.न.पा. १० थापागाउँ, काठमाडौं ।

प.सं.च.नं.

फोन नं. ९८४१८६२९१३

मिति: २०८२/०२/०१

## प्रेस विज्ञप्ती

### श्रमिकका न्यूनतम पारिश्रमिक लगायतका विषय ०८२/०८३ को बजेटमा आउनु पर्यो सरकार !

नेपालको संविधान २०७२ को भाग ३ को धारा ३३ रोजगारीको हक र धारा ३४ श्रमको हक श्रमिकहरूको संवैधानिक मौलिक हकको रूपम संविधानमा उल्लेख गरिएको छ । श्रम ऐन, २०७४ को दफा १०६ मा प्रत्येक दुई-दुई बर्षमा श्रमिकहरूको न्यूनतम पारिश्रमिक निर्धारण भई नयाँ आर्थिक वर्षबाट लागू हुने व्यवस्था रहेको छ । बजेट विनियोजन भैसकेपछि राजपत्रमा प्रकाशित न्यूनतम पारिश्रमिक पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । अधिकांश सरकारी कार्यालयहरूमा सरकारले राजपत्रमा प्रकाशित गरेको पारिश्रमिक बजेटमा नसमेटिएको कारण कार्यान्वयनमा समस्या देखिएको छ । पहिले बजेट निर्धारण गर्ने र पछि पारिश्रमिक निर्धारण गर्दा वृद्धि भएको पारिश्रमिक बजेटमा समावेस हुँदैन तसर्थ कार्यान्वयनमा बारम्बार समस्या तथा चुनौति आईरहेका छन् । तसर्थ सरकार मातहतमा रहेका कर्मचारीको जस्तै गरी २०८२ श्रावण देखि वृद्धिहुने न्यूनतम पारिश्रमिक ०८२/०८३ को बजेट मार्फत घोषणा गरियो भने श्रमिकले तोकिएको मितिबाट पारिश्रमिक पाउने अवस्था बन्छ । आर्थिक, सामाजिक र कानूनी रूपमा श्रमिकलाई संरक्षण र श्रमलाई सम्मान गर्ने सरकारको प्रमुख दायित्व हो ।

सरकारले बजेट मार्फत सरकार मातहतका कर्मचारीको तलब वृद्धि गर्दा श्रमिकहरूलाई भने बिर्सेको अवस्था छ । सरकारले कर्मचारी र श्रमिकबीच पारिश्रमिकमा निकै ठूलो विभेद सिर्जना गरेको छ । श्रमिकहरूको अत्यन्तै न्यून पारिश्रमिक पनि कार्यान्वयनमा जटिलता छ । बजेट विनियोजन भई सकेपछि श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारण हुँदा अधिकांश सरकारी, अर्धसरकारी एवं निजी क्षेत्रले बजेटमा समावेश छैन तसर्थ यो लागू गर्न सकिदैन भन्ने गरेका छन् । न्यूनतम पारिश्रमिक कार्यान्वयनको लागि सरकारले बजेटमै घोषणा गर्ने व्यवस्था गर्नुपर्छ । सरकार रोजगारी पनि दिन नसक्ने र पाएको रोजगारीमा न्यूनतम पारिश्रमिक पनि कार्यान्वयन गर्न नसक्दा दिनहुँ जसो हजारौ श्रमिकहरू विदेशी भूमिमा श्रम बेच्न बाध्य छन् । श्रम बेचर आएको पैसाले आफू र आफ्नो परिवारको पेट भर्ने र शरीर ढाक्ने मात्र हो । कसलाई बाँच्नको लागि विदेशी भूमिमा पसिना बगाउने रहर हुँदो हो र सरकार ! सरकार मातहतका सबैभन्दा तल्लो स्तरको सरकारी कर्मचारीको तलब करिब रु २६,०००/- रहेको तथ्याङ्क छ । माननीय श्रम मन्त्रीज्यूको नेतृत्वमा रहेको पारिश्रमिक निर्धारण समितिले २०८०/२०८१ को आधारभूत पारिश्रमिक रू १०,८२०/- र महँगी भत्ता रू ६,४८०/- गरी जम्मा रू १७,३००/- तोकेको छ । रू १७,३००/- पारिश्रमिकले श्रमिक तथा उसको परीवारको जीवन धान्न सक्छ ? यो गम्भीर प्रस्न हो । त्यो पनि अधिकांश राज्यका निकाय एवं निजी क्षेत्रका रोजगारदाताले कार्यान्वयनमा आनाकानी गरिरहेका छन् । श्रम शोषणले सिमा नाघेको छ । सरकारको नियमन गर्ने नियामक निकायबाट अनुगमन र कार्वाही प्रक्रिया अगाडी बढ्न सकेको छैन । श्रमिकहरू कानूनी एवं सामाजिक न्यायको लागि **'मर या गर'** को अवस्था पुगिसकेका छन् ।

